**शिवम् सिमेन्ट्स लिमिटेडको**
**चौथो (आ. व. २०७५।०७६) वार्षिक साधारण सभाको**
**काम कारवाहीको विवरण**
**(माइन्यूट)**

१. **सभाको बैधानिकता:** कम्पनी ऐन २०६३ र कम्पनीको नियमावली बमोजिम यस शिवम् सिमेन्ट्स लिमिटेडको आ. व. २०७५।०७६ वार्षिक साधारण सभा सञ्चालक समितिका कार्यकारी अध्यक्ष श्री सुरेन्द्र कुमार गोयलको अध्यक्षतामा तल उल्लिखित मिति, स्थान र समयमा बसी देहायका विषयहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय भयो :

२. **सभाको मिति, स्थान र समय :**
मिति: २०७६ साल कार्तिक ८ गते, शुक्रबार (२५ ओक्टेवर २०१९)
स्थान : राष्ट्रिय सभागृह, काठमाडौं ।
समय: विहान ११ : ०० बजे ।

**३. सभाको सूचना:**
कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम कम्पनीको चौथो वार्षिक साधारण सभाको सूचना तथा आ. व. २०७५।०७६ को वार्षिक प्रतिवेदन एवं वित्तीय विवरणहरु समेत शेयरधनीहरुको व्यक्तिगत ठेगानामा पठाउनुको साथै मिति: २०७६।०६।१५ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक रमिति: २०७६।०६।१६ गतेको आर्थिक दैनिक राष्ट्रिय पत्रिकामा सभा हुने स्थान, समय र छलफल हुने विषयको सूचि सहितको सूचना शेयरधनी महानुभावहरुमा जानकारीका लागि प्रकाशित गरिएको थियो ।

**४. छलफलको विषय तथा प्रस्तावहरु :**
(१) कम्पनी सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ. व.२०७५।०७६ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
(२) लेखापरीक्षकको प्रतिवेदन सहित २०७६ आषाढ मशान्तसम्मको कम्पनीको वासलात तथा सोही मितिमा समाप्त भएको आ. व. २०७५।०७६ को नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण सहितका ले. प. सम्बन्धि अनुसूचीहरु माथि छलफल गरी पारित गर्ने ।
(३) कम्पनीको आ. व. २०७६।०७७ को आय व्ययको लेखापरीक्षण कार्यका लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (बहालवाला लेखापरीक्षक सुभाष एण्ड कम्पनी चार्टर्ड एकाउण्टेण्ट्स पूनः नियुक्तका लागि योग्य हुनुहुन्छ)
(४) कम्पनीको सञ्चालक समितिले निर्णय गरी प्रस्ताव गरे बमोजिम हाल कायम शेयरधनीहरुलाई आ. व. २०७५।०७६ को मुनाफा मध्येबाट प्रति शेयर १५.७८९५ प्रतिशतका दरले (लाभाँस रकममा लाग्ने कर सहित) रु. ६९,४७,३८,०००। (अक्षेरुपी उनान्सत्तरी करोड सत्चालिस लाख अड्तिस हजार मात्र) नगद लाभाँस वितरण गर्ने प्रस्ताव छलफल गरी पारित गर्ने ।
(५) कम्पनी ऐन २०६३ बमोजिम यस कम्पनीका आधारभूत शेयरधनी वा सञ्चालक सम्बद्ध रहेको संस्थासंग कम्पनीले गरेको कारोवार अनुमोदन गर्ने ।
(६) कम्पनीले आफ्नो उद्येश्य तथा परियोजना बमोजिमका कार्यहरुका लागि कम्पनीको चुक्ता पूंजी भन्दा बढि रकम कुनै बैंक तथा वित्तिय संस्थाहरुबाट थप कर्जा सुविधा लिनु परेको खण्डमा पनि कर्जा सम्झौता गरी आवश्यक रकम कर्जा सुविधा लिने सम्बन्धमा आवश्यकतानुसार निर्णय गर्न संचालक समितिलाई पूर्ण अख्तियारी दिने सम्बन्धि प्रस्ताव पारित गर्ने ।
(७) कम्पनीको नियमावलीको नियम २७ बमोजिम आगामी ४ बर्षे कार्यकालका लागि संस्थापक शेयरधनी समूहबाट ५ (पाँच) जना सञ्चालकहरुको निर्वाचन (मनोनयन) गर्ने ।
(८) विविध ।

**५. उपस्थिती:**
**(क). सञ्चालकहरु:**

| | |
|---|---|
| (१) श्री सुरेन्द्र कुमार गोयल | कार्यकारी अध्यक्ष |
| (२) श्री रघुनन्दन मारु | कार्यकारी सञ्चालक |
| (३) श्री सन्दिप कुमार शारदा | सञ्चालक |
| (४) श्री अमित मोर | सञ्चालक |
| (५) श्री रोहित गुप्ता | सञ्चालक |
| (६) श्री अलका गोयल | सञ्चालक |

**(ख) अन्य पदाधिकारीको उपस्थिति :**
(१) श्री लेखनाथ अर्याल कम्पनी सचिव

**(ग) शेयरधनीहरुको उपस्थिति:**
जम्मा उपस्थित सख्या: ४९९ जना

६. गणपुरक संख्या :

| विवरण | कुल शेयरधनी संख्या | जम्मा उपस्थिति संख्या | कूल शेयरको प्रतिनिधित्व |
|---|---|---|---|
| शेयर धनी संख्या<br>संस्थापक र सर्व साधारण समूह | ४२७४७ | ४९९ जना | ८३।७६ प्रतिशत |
| शेयरधनीहरुले ग्रहण गरेको शेयर कित्ता | ४,४०,००,००० | ३,६८,५७,७०१ | |

**७. सभाको बैधानिकता र सभाको अध्यक्षताः**

(क) कम्पनी ऐन २०६३ तथा कम्पनीको नियमावली बमोजिम सभा बोलाइएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपुरक संख्या बाँडफाँड भएको कूल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरधनीहरु मध्ये कम्तिमा ३ जना शेयरधनीहरुको उपस्थिति हुनु पर्ने प्रावधान बमोजिम कम्पनीको चौथो वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरुको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीको संख्या ४९९ जना भएको र कूल शेयरको ८३.७६ प्रतिशत प्रतिनिधित्व भएको हुँदा कम्पनी सचिवले साधारण सभाको गणपुरक सँख्या पुगेको प्रमाणित गरी प्रचलित कम्पनी कानून अनुसार सभा बैधानिक भएको सभालाई जानकारी गराउनु भएको ।

(ख) कम्पनी सचिवले शेयरधनी महानुभावहरु सबैलाई स्वागत अभिवादन गर्दै आसन ग्रहणका लागि अनुरोध गर्नु भयो र तत्पश्चात् उपस्थित सञ्चालकहरु तथा विभागीय प्रमुखको जिम्मेवारीमा रहनु भएका अधिकृतहरुको परिचय गराँउदै आसन ग्रहण गर्न उहाँहरुलाई अनुरोध गरी सभाको कार्य अगाडी बढाउनु भयो ।

(ग) कम्पनीको नियमावलीमा व्यवस्था भए बमोजिम सभाको सभापतित्व सञ्चालक समितिका अध्यक्षले गर्ने जानकारी गराँउदै कम्पनीको चौथो वार्षिक साधारण सभा शुरु गर्न अध्यक्ष श्री सुरेन्द्र कुमार गोयललाई कम्पनी सचिवले अनुरोध गर्नु भयो ।

(घ) कम्पनीका कार्यकारी सञ्चालक श्री रघुनन्दन मारुले उपस्थित सबै शेयरधनी महानुभावहरुलाई स्वागत मन्तव्यद्धारा स्वागत अभिवादन गर्नु भयो ।

**८. चौथो वार्षिक प्रतिवेदनको प्रस्तुती :**

सभाका अध्यक्षले औपचारिक रुपमा सभा शुरु भएको घोषणा गर्नु भयो र पूर्व निर्धारित छलफलको विषय सूची अनुसार आ. व. २०७५।०७६ को सञ्चालक समितिको प्रतिवेदन तथा चालु आ. व. २०७६।०७७ को हालसम्मको संक्षिप्त प्रगति विवरण अध्यक्षले साधारण सभामा पढेर सुनाउनु भयो ।

**९. छलफलको लागि आव्हान र सहभागि शेयरधनी महनुभावहरु :**

(क) तत्पश्चात अध्यक्षज्यूको अनुमतिले कम्पनी सचिवले कम्पनीको आ. व. २०७५।०७६ को सञ्चालक समितिको प्रतिवेदन, २०७६ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ. व. २०७५।०७६ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका सम्पूर्ण विषय माथि आ आफ्नो मन्तव्य प्रकट गर्न र सो सम्बन्धमा कुनै प्रश्न, राय, सुझाव भए मौखिक तथा लिखित जानकारी गराउन शेयरधनी महानुभावहरु समक्ष अनुरोध गर्नुभयो । देहायका शेयरधनी महानुभावहरुले छलफलको क्रममा सहभागि भई देहाय अनुसारको प्रश्न तथा राय सुझावहरु व्यक्त गर्नु भयो ।

**(ख) छलफलमा सहभागि हुने शेयरधनी महानुभावहरुको नाम :**

(१) श्री नरसिंह लाल चँखु
(२) श्री गुणराज भट्ट
(३) श्री अमृत नाथ रेग्मी
(४) श्री शत्रुघन श्रेष्ठ
(५) श्री डमरु बल्लभ घिमिरे
(६) श्री शिव प्रसाद पौडेल
(७) श्री कृष्ण प्रसाद अधिकारी
(८) श्री चन्द्र नारायण श्रेष्ठ
(९) श्री रोज कुमार श्रेष्ठ
(१०) श्री अमिरदास रन्जित
(११) श्री ईन्द्र कृष्ण श्रेष्ठ
(१२) श्री राम गोपाल महर्जन

**१०. छलफलमा सहभागी शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएका सुझाव, मन्तव्य तथा जिज्ञासाको साराँशः**

कम्पनीको समिक्षा अवधिको आर्थिक अवस्था मजवुद र सकारात्मक रहेको, सेल्स एण्ड मार्केटिंग तर्फको खर्च घटाउन सकिएको खण्डमा थप मुनाफामा बृद्धि हुने अवस्था रहेको, कम्पनीले सहायक कम्पनी मार्फत ठूलो लगानी होडंशी शिवम सिमेन्ट प्रा. लि. मा गरेको कुरा अत्यन्तै सकारात्मक रुपमा रहेको र उक्त कम्पनीबाट प्रतिफल आउन कति समय लाग्ने होला ? भनि जिज्ञाशा राख्नुका साथै सर्व साधारण शेयर धनीले शेयरमा लगानी गरेको एक वर्ष पनि नपुग्दै अर्थात आ. व. २०७४।०७५ को २०७६ बैशाख महिनामा र आ. व. २०७५।०७६ को कार्तिकमा गरी २ पटक १५.७८९५ प्रतिशतका दरले नगद लाभाँस दिने प्रस्ताव अत्यन्तै सकारात्मक रहेको भएता पनि यस वर्ष अलि

बढि लाभाँसको अपेक्षा गरेकोमा अलि कमी भयो भन्ने गुनासा राख्दै, कम्पनीको संचित मूनाफा राम्रो भएको, आगामी वर्षहरुमा शेयरधनीलाई मुनाफा वितरण गर्दा वोनस शेयर र नगद लाभाँस गरी दुवै वितरणको व्यवस्था हुन सुझाव पेश गर्नुका साथै कम्पनीको उत्पादनको गुणस्तरमा कहिल्यै सम्झौता नगर्ने प्रतिवद्धता अनुसार संधै Quality मा ध्यान दिनु पर्ने सुझाव राख्दै , कम्पनीले आफ्नै इन्भेष्टमेण्ट कम्पनी मार्फत लगानीका क्षेत्र विस्तार गर्ने योजना गर्नु राम्रो रहेको । Balance Sheet र मुनाफा समेत अत्यन्त राम्रो रहेको, मुनाफा टारगेट मिट गरेको राम्रो हो । सबै सूचक अत्यन्त सान्दर्भिक रहेकोमा शिवम् सिमेन्टको मार्केट शेयर कति प्रतिशत आगेटेकोछ? अध्यक्षको प्रतिवेदनमा खुलाइएको भए सबैलाई थप जानकारी हुने थियो भन्ने प्रश्न राख्नु भएको । सम्बद्ध कम्पनीसंगको कारोवार त गर्नु पर्दछ तर प्रतिस्पर्धात्मक सेवा र मूल्यमा ध्यान दिन पर्दछ, गत बर्ष २९ पटक संचालक समितिको बैठक बसेको रहेछ, सो बैठकहरु कम गर्दा बैठक भत्ता खर्च न्युन हुनेछ भनि सुझाव दिनु भयो । त्यसै गरी आन्तरिक लेखापरीक्षणलाई महत्व दिई फि बढि भुक्तानी गरेर भए पनि आ. ले प. लाई प्रभावकारी बनाउने गर्नु पर्दछ भन्ने सुझावहरु राख्नु भयो ।

कम्पनीले संस्थागत सामाजिक उत्तरदायित्व अन्तरगत स्वास्थ्य, शिक्षा र खेलकुद, सडक, खानेपानी, बृक्षारोपण तथा वातावरण संरक्षण लगायतका विषयलाई फोकस गरी सहयोग गरेको सकारात्मक रहनुको साथै बृद्ध बृद्धाहरुका लागि अल्जाईमर रोग निवारणमा सहयोग पुग्ने कार्यहरु थप गर्न, हाईवेहरुमा सार्वजनिक शौचालय निर्माण गरी सामाजिक उत्तरदायित्वमा थप कार्य गर्न सुझाव दिनु भएको । कम्पनीका स्टाफहरुलाई मोटिभेशन गर्नु पर्दछ। तालिम प्रशिक्षण जस्ता कार्यहरु निरन्तर चलाउनु पर्दछ । स्टाफहरुकै कारण कम्पनीले राम्रो गर्ने हो भन्ने सन्देशयुक्त सुझाव राख्नुका साथै चुनढुंगा खानीको अन्वेषण र उत्खनन्मा थप प्रयत्न गरी अधिक से अधिक क्लिंकर उत्पादन गर्ने वातावरण मिलाउनु पर्दछ । क्लिंकर खरिद नगरी आफ्नै क्लिंकरबाट मात्रै सिमेन्ट बनाई विक्री वितरण गर्दा थप मुनाफा हुने र गुणस्तरमा समेत एक रुपता आउने राय दिनुका साथै बैंकबाट कम ऋण प्रयोग गर्ने, डिजिटल मार्केटिँग र डिजिटल ब्राण्डिँगमा ध्यान दिई कार्य गर्नु पर्दछ भन्ने राय दिनुका साथै अपरेशन र इन्भेष्टमेण्ट स्टाटिजीअवलम्बनगर्नु पर्ने, उत्पादन विविधिकरण गर्नु पर्ने,मेघा प्रोजेक्टहरुलाई Direct Sales गर्नु का साथै रिटेल सेल्सलाई थप ध्यान दिनु पर्दछ भन्ने लगायतका सुझावहरु दिनु भयो । कम्पनीले रिसर्च एण्ड डेभलपमेण्टमा लगानी गर्नु पर्दछ । हाईड्रोपावर सेक्टरमा पनि लगानी विस्तार गर्न उपयुक्त हुने सुझाव राख्नुका साथै ईपिएस बढे जसरी मुनाफा वितरण पनि बढाउनु पर्यो । रेडिमिक्स कंक्रिट प्लाण्ट स्थापना गरी सञ्चालन गर्दा फाईदा नै पुग्दछ भनि लाईमस्टोन उत्खनन् गर्दा निस्कने ओभरवर्डनबाट अन्य निर्माण कार्यमा आवश्यक ढुंगा, माटो सप्लाई गर्ने कार्य शुरु गर्नु उपयुक्त हुन्छ भनि सुझावहरु दिनु भयो । साथै उत्पादन लागत घटाउने गरी कार्य गर्न राय सुझाव दिनु भयो । साथै ले. प. प्रतिवेदन सहितका सम्लग्न विवरणहरु नेपालीमा हुन पाए सबैले बुझ्न सहज हुने भन्ने राय राख्नुको साथै कम्पनीले आफ्नो नारा गुणस्तरमा कहिल्यै सम्झौता नगरौं भन्ने भावना अत्यन्त सकारात्मक रहेको र यसलाई सदा मनन गरेर अगाडी बढ्न उपयुक्त हुने सुझाव दिनुका अतिरिक्त अध्यक्षज्यूको प्रतिवेदनका अतिरिक्त छोटो मन्तव्य पेश गर्नु पर्ने व्यवस्था हुनु पर्दछ भन्ने लगायतका अति उपयोगी र सकारात्मक सुझाव तथा शुभकामना मन्तव्य दिनु भएको थियो । त्यसै गरी आफ्नो उत्पादन र व्यपारलाई थप विस्तार गर्न रणनिति अवलम्बन गर्न उपयुक्त हुन्छ भन्ने लगायतका सुझावहरु समेत दिनु भएको थियो ।

**११. सभामा शेयरधनी महानुभावहरुले प्रकट गर्नु भएको जिज्ञाशा एवं प्रश्नहरुको जवाफ :**

शेयरधनी महानुभावहरुले आफ्नो व्यस्तताको वावजुद पनि कम्पनीको वित्तीय विवरण लगायतको कार्यसम्पादनको सूक्ष्म अध्ययन गरेर साधारण सभामा उपस्थित भई व्यक्त गर्नु भएका आ. आफ्नो धारणा तथा दिनु भएका अमूल्य राय सुझावहरुका लागि अध्यक्षले आभार व्यक्त गर्दै सभामा राखिएका जिज्ञाशा तथा प्रश्नहरुका सम्बन्धमा देहाय बमोजिम उत्तर दिनु भयो :

सर्व साधारण शेयरधनीका सुझावहरुलाई आत्मसाथ गरी कम्पनीलाई अगाडी बढाउनुका साथै अधिकतम प्रतिफल दिन सकिने गरी कार्य गर्ने लक्ष्यका साथ अगाडी बढेको, गत वर्ष कम्पनीले साधारण शेयर निष्कासन सम्बन्धि कार्यहरुका कारण अलि धेरै पटक संचालक समितिको बैठक बसेको हो । कम्पनीले आफूलाई नेपालको सम्बृद्धि र संरचनाको निर्माणमा आवश्यक पर्ने सिमेन्टको गुणस्तरीय उपलब्धतालाई मध्यनजर गरी उत्पादन, विक्री वितरण र बजार प्रर्वद्धनका कार्यहरु अगाडी बढाउनुका साथै सिमेन्ट भनैकै शिवम हो भन्ने गरी ब्राण्ड स्थापित गर्न प्रयत्नरत रहेकोछ । डिजिटल ब्राण्डिंग र रिसर्च एण्ड डेभलपमेण्टमा हामीले ध्यान दिने छौं । प्रतिवेदन माथि यहाँहरुले दिनु भएका सुझाव बमोजिम कमि कमजोरी छन भने आवश्यक सुधार गर्दै जाने र सबैको विश्वासलाई सदा कायम राख्ने प्रयत्न गरिनेछ । उत्पादन लागत घटाउने सम्बन्धमा शेयरधनीहरुको सुझावलाई संधै सम्मान र स्वागत गर्ने छौं । कम्पनीले पूँजी वृद्धि गर्ने आवश्यकता परेको अवस्थामा वोनस शेयर जारी गर्न विज्ञ एवं वोर्डको स्वीकृतिमा आँउदा वर्षहरुमा गर्न सकिनेछ । यहाँहरुको सुझावलाई क्रमशः कार्यान्वयन गर्दै कम्पनिको हितमा उपयोग गरिनेछ भन्ने उत्तर समेत दिनु भयो । साथै शेयरधनी महानुभावहरुलाई अपेक्षाकृत लाभाँस दिन प्रयास गरिनेछ । अनावश्यक विषयमा खर्च गर्ने गरिएको छैन । खर्चहरु नियन्त्रण गर्ने कार्य हुनेछ । हालको सिमेन्ट बजारमा अत्याधिक उत्पादन भएका कारण मूल्यको प्रतिस्पर्धा अत्याधिक रहेकोछ । जसका कारण मुनाफा कम हुन सक्ने अवस्थालाई हामीले अत्याधिक विक्री गरेर सकेसम्म मुनाफा घट्न नदिने प्रयत्न गरिनेछ । उत्पादन विविधकरणमा समेत ध्यान दिईनेछ । कर्मचारीहरुलाई प्रोत्साहित गरिरहेको र यसलाई निरन्तरता दिने नीति अवलम्बन गरिनेछ । शिवम् रेडिमिक्स कंक्रिटको प्लाण्ट स्थापना गरि तयारी कंक्रिट उपलब्ध गराउन शुरु गरेपछि शिवम् सिमेन्टको विक्रीमा समेत थप बढोत्तरी आउने छ भन्ने लगायतका सबै विषयमा शेयरधनी महानुभावहरुलाई आश्वस्त पार्दै शिवम् सिमेन्टको विक्रीमा यहाँहरुबाट समेत सहयोगको अपेक्षा गर्दछु । तपाईहरुले पनि आफूलाई र आफ्नो नातेदार लगायतका चिनजानका साथीभाईहरुलाई समेत सिफारिस गर्नु हुनेछ भन्ने अपेक्षा गर्दछौं भनि अनुरोध गर्दै यहाँहरुको सुझावलाई कायान्वयन गर्दै कम्पनिको हितमा उपयोग गरिनेछ भन्ने उत्तर समेत दिनु भयो ।

**१२. सभाको निर्णयः**

**(१) कम्पनी सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको आ. व. २०७६।०७६ को वार्षिक प्रतिवेदन पारित गर्ने ।**

सभामा प्रस्तुत आ. व. २०७५।०७६ को कम्पनी सञ्चालक समितिको वार्षिक प्रतिवेदन अध्यक्षबाट स्वीकृतिका लागि सभा समक्ष प्रस्ताव गरिएकोमा सर्वसम्मतिबाट पारित गर्‍यो ।

(२) **लेखापरीक्षकको प्रतिवेदन सहित २०७६ आषाढ मशान्तसम्मको कम्पनीको वासलात तथा मितिमा समाप्त भएको आ. व. २०७५।०७६ को नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण सहितका ले. प. सम्बन्धि अनुसूचीहरु माथि छलफल गरी पारित गर्ने ।**

लेखापरीक्षकको प्रतिवेदन सहितको २०७६ आषाढ मशान्तको वासलात तथा सोही मितिमा समाप्त आ. व. २०७५।०७६ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरण सहितका अनुसूचीहरु समेत पारित गरियोस भनी अध्यक्षबाट सभा समक्ष प्रस्ताव पेश गरिएकोमा सभाले वासलात लगायतका सम्पूर्ण वित्तीय विवरणहरु एवं अनुसूचीहरु सर्व सम्मतिबाट पारित गरियो ।

(३) **कम्पनीको आ. व. २०७६।०७७ को आय व्ययको लेखापरीक्षण कार्यका लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (बहालवाला लेखापरीक्षक सुभाष एण्ड कम्पनी चार्टर्ड एकाउण्टेण्ट्स पूनः नियुक्तिका लागि योग्य हुनु हुन्छ)**

कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम आ. व. २०७६।०७७ को आय व्ययको लेखापरीक्षण कार्य गर्नका लागि लेखापरीक्षक नियुक्त गरी निजको पारिश्रमिक निर्धारण गरियोस भनी अध्यक्षले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले श्री सुवास एण्ड कम्पनी,चार्टड एकाउण्टेण्ट्स काठमाडौंलाई लेखापरीक्षकमा नियुक्ति गर्ने  र निजलाई लेखापरीक्षण कार्य गरे वापत रु. ४,५०,०००। (अक्षेरुपी चार लाख पचास हजार) मात्र पारिश्रमिक प्रदान गर्ने सर्वसम्मतिबाट निर्णय भयो ।

(४) **कम्पनीको सञ्चालक समितिले निर्णय गरी प्रस्ताव गरे बमोजिम हाल कायम शेयरधनीहरुलाई आ. व. २०७५।०७६ को मुनाफा मध्येबाट प्रति शेयर १५.७८९५ प्रतिशतका दरले (लाभाँस रकममा लाग्ने कर सहित) रु. ६९,४७,३८,०००। (अक्षेरुपी उनान्सत्तरी करोड सत्चालिस लाख अड्तिस हजार मात्र) नगद लाभाँस वितरण गर्ने प्रस्ताव छलफल गरी पारित गर्ने ।**

आ.व. २०७५।०७६ को मुनाफाबाट सञ्चालक समितिले प्रस्ताव गरे अनुसार प्रति शेयर १५.७८९५ प्रतिशत (लाभाँस रकममा लाग्ने कर सहित) का दरले हुन आउने रु.६९,४७,३८,०००। (अक्षेरुपी उनान्सत्तरी करोड सत्चालिस लाख अड्तिस हजार मात्र) नगद लाभाँस वितरण गर्ने स्वीकृतिका निमित्त अध्यक्षबाट सभा समक्ष प्रस्ताव गरिएकोमा सभाले सर्व सम्मतीबाट उक्त प्रस्ताव स्वीकृत गर्ने निर्णय पारित गर्‍यो ।

(५) **कम्पनी ऐन २०६३ बमोजिम यस कम्पनीका आधारभूत शेयरधनी वा सञ्चालक सम्बद्ध रहेको संस्थासंग कम्पनीले गरेको कारोवार अनुमोदन गर्ने ।**

कम्पनीले आधारभूत शेयरधनी वा सञ्चालक आवद्ध रहेका अन्य कम्पनी वा संस्थासंग गरेको सम्लग्न विवरण बमोजिमका खरिद कारोवारलाई अनुमोदन गर्न भनी अध्यक्षले प्रस्ताव प्रस्तुत गर्नु भएकोमा उक्त प्रस्तावलाई सर्वसम्मतीले अनुमोदन गरी आगामी दिनहरुमा समेत आवश्यकतानुसार कारोवर गर्न सर्वसम्मतीले स्वीकृति दिने निर्णय भयो ।

**<u>सम्बद्ध संस्थासंगको आ. व. २०७५।०७६ मा भएको कारोवार विवरणः</u>**

| कम्पनी | सम्बन्ध | कारोवार आ.व. २०७५/७६ | बस्तु वा सुविधा |
|---|---|---|---|
| मोडर्न ईन्फ्रास्ट्रक्चर प्रा. लि. | यस कम्पनीका शेयर धनी श्री शुशिल गुप्ता सो कम्पनीको सञ्चालक रहेको र उक्त कम्पनीमा निजको १७ प्रतिशत शेयर स्वामित्व रहेको । | ३४,१८,०९,०१६।७४ | चुनढुंगा उत्खनन् तथा ढुवानी कार्य |
| अरविन्द ईम्पोरियम प्रा. लि. | यस कम्पनीका अध्यक्ष श्री सुरेन्द्र कुमार गोयल सो कम्पनीको सञ्चालक अध्यक्ष रहेको र उक्त कम्पनीमा निजको १०० प्रतिशत शेयर स्वामित्व रहेको । | २९,१७,७३,४४९।६५ | डिजेल, जिप्सम, आईरन ओर खरिद |
| सप्तकोशी सिमेन्ट प्रा. लि. | यस कम्पनी का शेयर धनी श्रीमती पूनम गोयल सो कम्पनीको सञ्चालक रहेको र उक्त कम्पनीमा निजको २५ प्रतिशत शेयर स्वामित्व रहेको । | १०,७५,६४५।८० | एमएस स्टिलका सामाग्रीहरु खरिद |
| स्टारलाईम ईण्डष्ट्रिज प्रा. लि. | यस कम्पनीका अध्यक्ष श्री सुरेन्द्र कुमार गोयल, सञ्चालक श्री रघुनन्दन मारु, सञ्चालक श्री सन्दिप कुमार शारदा र सञ्चालक श्री अमित मोरको सो कम्पनीको क्रमश अध्यक्ष, सञ्चालक र शेयर धनी रहेको र उक्त कम्पनीमा निजहरुको नाममा क्रमश: २० %, १८ %, २०% र १७ % प्रतिशत शेयर स्वामित्व रहेकोछ । | ४७,६३,४३०।०० | चुनढुंगा खरिद |
| कन्ट्रक्सन सोलुसन प्रा. लि. | यस कम्पनी का सञ्चालक श्री सन्दिप कुमार शारदा सो कम्पनीको सञ्चालक रहेको र उक्त कम्पनीमा निजको ५० प्रतिशत शेयर | १७,८२,५२०।७३ | हेविईक्विमेण्टका पार्टपुर्जा खरिद |

| | | | |
|---|---|---|---|
| | स्वामित्व रहेको । | | |
| प्रिमियर वायर्स प्रा. लि. | यस कम्पनी का सञ्चालक श्री सन्दिप कुमार शारदा सो कम्पनीको सञ्चालक रहेको र उक्त कम्पनीमा निजको १६ प्रतिशत शेयर स्वामित्व रहेको । | ७४,७३,१६२।५७ | ग्याविन तार जाली खरिद |
| टेक्नो जया ज्यैलरी प्रा. लि. | यस कम्पनीका शेयर धनी श्री नन्द किशोर मुन्दडा र देवकिशन मुन्दडा सो कम्पनी का शेयर धनी रहेको र उक्त कम्पनीमा निजहरुको क्रमशः ३३।३३ र ३३।३३ प्रतिशत शेयर स्वामित्व रहेको । | १२,०४,६२१।५५ | बिक्री स्कीमको लागि चांदी खरिद |
| पशुपति सिन्प्याक ई. प्रा. लि. | यस कम्पनीका शेयरधनी श्री पवनकुमार शारदा, श्री श्रीनिवास शारदा र श्री राधेश्याम शारदा सो कम्पनीको शेयरधनी संचालक रहेको | १५,०९,२६४।२५ | पोलि व्याग खरिद |

**(६) कम्पनीले आफ्नो उद्धेश्य एवं परियोजना बमोजिमका कार्यहरुका लागि कम्पनीको चुक्ता पूंजी भन्दा बढि रकम कुनै बैंक तथा वित्तिय संस्थाहरुबाट थप कर्जा सुविधा लिनु परेको खण्डमा पनि कर्जा सम्झौता गरी आवश्यक रकम कर्जा सुविधा लिने सम्बन्धमा आवश्यकतानुसार निर्णय गर्न संचालक समितिलाई पूर्ण अख्तियारी दिने प्रस्ताव पारित गर्ने ।**

कम्पनीको उद्येश्य एवं परियोजना बमोजिमका कार्यहरुका लागि कम्पनीको चुक्ता पूंजी भन्दा बढि रकम कुनै बैंक तथा वित्तिय संस्थाहरुबाट थप कर्जा सुविधा लिनु परेको खण्डमा पनि कर्जा सम्झौता गरी आवश्यक रकम कर्जा सुविधा लिने सम्बन्धमा आवश्यकतानुसार निर्णय गर्न संचालक समितिलाई पूर्ण अख्तियारी दिने सम्बन्धि विषयको प्रस्ताव पारित गर्न अध्यक्षले सभा समक्ष प्रस्तुत गर्नु भएकोमा सर्वसम्मतीले स्वीकृति दिने भनी निर्णय पारित गर्‍यो ।

**(७) कम्पनीको नियमावलीको नियम २७ बमोजिम आगामी ४ बर्षे कार्यकालका लागि संस्थापक शेयरधनी समूहबाट ५ (पाँच) जना सञ्चालकहरुको निर्वाचन (मनोनयन) गर्ने ।**

कम्पनीको संचालक निर्वाचन सम्बन्धि निर्देशिका २०७५ तथा कम्पनीको स्वीकृत नियमावलीको नियम २७ बमोजिम ४ बर्षे कार्यकालका लागि संस्थापक शेयरधनी समूहबाट प्रतिनिधित्व गर्ने गरी ५ (पाँच) जना सञ्चालकहरुको निर्वाचन गर्ने सम्बन्धमा कम्पनी सञ्चालक समितिको ६४ औं बैठकको निर्णयले नियुक्त हुनु भएका निर्वाचन अधिकृत अधिवक्ता श्री लेखनाथ अर्याल मार्फत निर्वाचन कार्यक्रम र प्रक्रिया अनुसार निर्वाचन गर्दा कपिलवस्तु जिल्ला कृष्णनगर नगरपालिका वडा नं. ३ बस्ने श्री सुरेन्द्र कुमार गोयल, मोरंग जिल्ला विराटनगर २१ घर भई हाल काठमाडौं जिल्ला का. म. न. पा. वडा नं. १, नक्साल बस्ने श्री रघुनन्दन मारु, सिरहा जिल्ला, लहान न. पा. वडा नं. ६ बस्ने श्री सन्दिपकुमार शारदा, काठमाडौं जिल्ला का.म.न.पा वडा नं. ३२ बस्ने रोहित गुप्ता र काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. १० बस्ने श्री अमित मोर गरी जम्मा ५ ( पाँच) जना संस्थापक शेयरधनीहरुको मात्र संचालक पदमा निर्वाचित गरियोस भनि रीत पूर्वक उम्मेद्वारी दर्ता हुन आएकोले उहाँहरु (पाँचै) जना संस्थापक शेयरधनी समूह तर्फको प्रतिनिधित्व गर्दै क्रमशः श्री सुरेन्द्र कुमार गोयल, श्री रघुनन्दन मारु, श्री सन्दिप कुमार शारदा, श्री रोहित गुप्ता र श्री अमित मोर सञ्चालक पदमा निर्विरोध निर्वाचित हुनु भएको घोषणा गर्नु भई सभा समक्ष जानकारी गराउनु भएकोमा सभाले ५ जना संचालकहरु निर्वाचित भएकोलाई सर्वसम्मत रुपमा स्वीकृत गर्‍यो ।

**(८) विविध ।**

यस अन्तरगत छलफलको कुनै विषय नभएको ।

**१३. धन्यवाद ज्ञापन :**

छलफल तथा निर्णयको क्रम समाप्त भएपछि अध्यक्षले शेयरधनी महानुभावहरु सकारात्मक तथा सक्रिय रुपले सहभागी हुनु भई कम्पनीको प्रगतिका लागि आवश्यक मार्गदर्शन समेत प्रदान गरीदिनु भएकोमा तथा चौथो वार्षिक साधारण सभा सफलतापूर्वक सञ्चालन एवं सम्पन्न गर्न आफ्नो अमूल्य समय दिई उपस्थित हुनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरु, आमन्त्रित व्यक्तित्वहरु तथा यस सभाको सफलतापूर्वक सञ्चालनका लागि योगदान गर्नु हुने सम्बन्धित सबैलाई धन्यवाद ज्ञापन गर्नु भयो ।

तत्पश्चात् अध्यक्षज्यूले सभा सफलतापूर्वक सम्पन्न भएकोमा हार्दिक बधाई ज्ञापन गर्दै दिउसो २ : १५ बजे सभा विसर्जन गर्नु भयो ।

**प्रमाणित गर्ने:**

(लेखनाथ अर्याल)
**कम्पनी सचिव**

(सुरेन्द्र कुमार गोयल)
**कार्यकारी अध्यक्ष**

मिति: २०७६।०७।०८ गते ।